आज मिति २०८१ माघ ९ गते बिउँसो १:०० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | Hin |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | सुनीता |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | बिर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | |

## मिति २०८१ माघ ९ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरू

### निर्णय नं. १

स्थानीय तहको संस्थागत क्षमता स्व मूल्याङ्कन कार्यविधि अनुसार थलारा गाउँपालिकाको आव २०८०।८१ को स्व मुल्यांकन गरी प्रारम्भिक नतिजा तयार भई जिल्ला समन्वय समितिबाट प्राप्त पृष्ठपोषण समेत समावेश गरी प्राप्त तपसिल बमोजिमको नतिजा अनुमोदन गरी सार्वजनिक गर्ने।

| क्र.स. | बिषयगत क्षेत्रहरु | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ७.५ |
| २ | संगठन तथा प्रशासन | ८ | ८ |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ४.५ |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | ८.५ |
| ५ | सेवा प्रवाह | १६ | १४.५ |
| ६ | न्यायिक कार्यसम्पादन | ७ | ५ |
| ७ | भौतिक पूर्वाधार | १३ | ८.५ |
| ८ | सामाजिक समावेशीकरण | १० | ८ |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | ४ |
| १० | सहकार्य र समन्वय | ६ | २.७५ |
| | जम्मा | १०० | ७१.२५ |

### निर्णय नं. २

सवारी साधनको प्रयोगलाई थप व्यवस्थित बनाउन थलारा गाउँपालिकाको नाममा दर्ता रहेका सबै सवारी साधनहरू १ हप्ता भित्र स्टोरमा फिर्ता गरी आफ्नो सवारी चालक अनुमतिपत्रको प्रतिलिपी, कर्मचारी परिचयपत्रको प्रतिलिपी, माग फाराम स्टोरमा पेश गरी भर्पाई गरेर मात्र सरकारी कामकाजका लागि सवारी साधनको प्रयोग गर्न लैजाने र प्रयोग गर्दा नियमानुसार गर्न प्रमुख प्रशासकीय अधिकृतले आवश्यक परिपत्र जारी गर्ने।

### निर्णय नं.३

रोजगार सेवा केन्द्रका लागि रोजगार संयोजक करार सेवामा लिन भएको विज्ञापन बमोजिम तोकिएको म्याद भित्र रितपूर्वक दरखास्त पेश गरेका उम्मेदवारहरु मध्येबाट उपयुक्त उम्मेदवार छनौट गर्न डिभिजन वन कार्यालय बझाङका रा प द्वितीय श्रेणी, उपसचिव वा सो सरहका श्री कर्ण बहादुर खातीज्यूलाई पदपूर्ति समितिको संयोजक तोक्ने र प्रमुख प्रशासकीय अधिकृतले गोपनियता कायम हुने गरी विषय विज्ञ सदस्य तोक्ने गरी पदपूर्ति प्रक्रिया अगाढी बढाउने।

निर्णय नं. ४

यस थलारा गाउँपालिकाको आर्थिक बर्ष २०८१।८२ को बार्षिक कार्यक्रम कार्यान्वयनको अर्ध बार्षिक अवधिको अर्थात् दोस्रो त्रैमासिक सम्मको प्रगति प्रतिवेदन गाउँ कार्यपालिकामा प्रस्तुत गरी प्रगति समीक्षा तथा छलफल सम्पन्न भयो। हाल सम्म चालु तर्फ ३६. ६५ प्रतिशत र पुजीगत तर्फ १६.७४ प्रतिशत मात्र वित्तीय प्रगति भएकोले पुजीगत खर्च लक्ष्यको तुलनामा न्यून रहेको हुँदा पुजीगत खर्चलाई थप प्रभावकारी हुने गरी कार्यान्यिवन गर्न कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. ५

प्रगतिशिल युवा समाजसँगको लागत साझेदारीमा भूकम्प प्रतिरोधात्मक नमुना भवन निर्माणका लागि रु २ लाख, कृषि उपज संकलन केन्द्रका लागि ५० हजार गाउँपालिकाले वेहोर्ने गरी प्रगतिशिल युवा समाजसँग र मानसिक रोगीको पुनःर्स्थपाना खर्च वापत रु ५१००० गाउँपालिकाले वेहोर्ने गरी दलित सहयोग समाजसाग सम्झौता गर्न स्वीकृति दिने ।